# तारबारको घेरोमा बालबालिका

## (सुरक्षाकर्मीको उपस्थिति र गतिविधि कायमै रहेका विद्यालयसम्बन्धी संक्षिप्त अद्यावधिक प्रतिवेदन)

बालबालिका शान्ति क्षेत्र - राष्ट्रिय अभियान

२०६३ असार

२०६३ असार १२

# “बालबालिका शान्ति क्षेत्र हुन्” प्रतिवद्धताको व्यवहारिक कार्यान्वयनका निम्ति आह्वान

बालबालिका शान्ति क्षेत्र हुन् भनी नेपाल सरकार तथा विभिन्न राजनितिक दलहरुबाट बारम्बार सार्वजनिक रुपमा व्यक्त प्रतिवद्धता तथा घोषणाहरुको अविलम्व कार्यन्वयन गर्दै विभिन्न विद्यालयहरुमा रहेका सुरक्षाकर्मीहरुको उपस्थिति तथा गतिविधिहरु तत्काल हटाउन “बालबालिका शान्ति क्षेत्र - राष्ट्रिय अभियान” नेपाल सरकारसमक्ष जोडदार माग गर्दछ । यस सम्बन्धमा तत्काल ठोस कार्यको सुरुवात नभएमा अभियान थप दवावमूलक कार्यक्रमका साथ अगाडी बढ्न वाध्यहुने कुरा समेत अवगत गराइन्छ ।

आजका मितिमा पनि एघार वटा विद्यालय भवन वा त्यसको वरपर सुरक्षाकर्मीको उपस्थिति र गतिविधि हुने गरेको जानकारी हामीले प्राप्त गरेका छौं । तीमध्ये कतिपय विद्यालयमा अझैपनि हरेक विद्यार्थीले सुरक्षा निकायको तारवार पार गरेर कडा निगरानी पश्चातमात्र विद्यालय प्रवेश गर्न पाउने अवस्था विद्यमान छ ।

“बालबालिका शान्ति क्षेत्र हुन्” भन्नुको मूल तात्पर्य बालबालिकालाई सशस्त्र द्वन्द्व तथा यसको दिर्घकालिन असरहरूबाट जोगाउनु र उनीहरूको स्वाभाविक विकासमा बाधा सिर्जना नगर्नु हो । त्यसको आशय जस्तो सुकै कठिन अवस्थामा पनि बालबालिकाको संरक्षणलाई प्राथमिकता दिनु हो । सम्बन्धित सबै पक्षहरूले बालबालिकाको संरक्षणका लागि हरसम्भव उपायहरू अपनाउनु हो । शान्तिपूर्ण वातावरणमा बालबालिकालाई हुर्कन दिनु हो ।

स्मरणीय छ, नेपाल सरकार, राजनितिक दल तथा नेकपा (माओवादी) बाट जेनेभा महासन्धि, बालअधिकार सम्बन्धी महासन्धि र यसको ऐच्छिक सन्धिपत्र तथा बालबालिका शान्ति क्षेत्र हुन् भन्ने सम्बन्धमा बारम्बार आ-आफ्नो तर्फबाट सार्वजनिक रुपमा प्रतिबद्धता व्यक्त गरिसकेका छन् । यससन्दर्भमा हामी सम्बन्धित सबैलाई प्रतिवद्धताको व्यवहारिक कार्यान्वयन दर्शाउन आव्हान गर्दछौं ।

विद्यालयहरुमा विना अवरोध नियमितरुपमा पठनपाठन हुने भयरहित वातावरण बनाउने अभियानलाई सहयोग गर्न तथा यस सवालमा दवाव सिर्जना गर्न अन्तर्राष्ट्रिय समुदाय, राष्ट्र संघिय निकाय, मानवअधिकार तथा बालअधिकारका क्षेत्रमा कृयाशिल संघ/संस्था, अन्य सरोकारवालाहरु तथा विशषगरी आम सञ्चार जगतसमक्ष हामी हार्दिक अनुरोध गदछौं ।

द्वन्द्व पीडित बालबालिकाका अधिकार, हित संरक्षण र प्रवर्द्धनमा क्रियाशिल विभिन्न संयुक्त राष्ट्र संघिय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुको प्रयासलाई संगठित र एकीकृत रुपमा पैरवी गर्ने ध्येयकासाथ स्थापित “बालबालिका शान्ति क्षेत्र - राष्ट्रिय अभियान” यो गंभीर विषयमा ध्यान पुऱ्याउन सात राजनीतिक दलसमक्ष समेत आग्रह गर्दछौं ।

.......................

कुन्दन अर्याल
कार्यसमिति अध्यक्ष
बालबालिका शान्ति क्षेत्र - राष्ट्रिय अभियान

---

*“बालबालिका शान्ति क्षेत्र - राष्ट्रिय अभियान” भदौ २०६० मा द्वन्द्व पीडित बालबालिकाका अधिकार, हित संरक्षण र प्रवर्द्धनमा कार्यरत विभिन्न संयुक्त राष्ट्र संघिय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुको प्रयासलाई संगठित र एकीकृत रुपमा पैरवी गर्नका लागि स्थापना भएको हो । हाल यस अभियान अन्तर्गत ३६ वटा संस्था आवद्ध छन् ।*

***अभियानका सदस्यहरु :*** *राष्ट्रिय मानव अधिकार आयोग र आई.सी.आर.सी. (पर्यवेक्षक सदस्य), एक्सन एड नेपाल, एड्रा नेपाल, बाल चेतना समुह, केयर नेपाल, कार नेटवर्क, सिसियसडी, बाल विकास समाज, बाल गैसस महासंघ, चाइल्ड नेपाल, सिविन, सिविस, हुरोन, इह्विकन, इन्सेक, जागरण नेपाल, जागृती बाल क्लव, माइती नेपाल, गैसस महासंघ, नेपाल रेडक्रस सोसाइटी, नेपाल रगमार्क फाउण्डेसन, साझेदारी नेपाल, प्लान नेपाल, आरआरएन्, साथी, साहारा समुह, बाल वचाउ जापान, बाल बचाउ नर्वे, बाल वचाउ युएस, सेतो गुरास, युसेप, युनिसेफ, युनाइटेड मिसन टु नेपाल, विश्व शिक्षा, वर्ल्ड भिजन*

# तारबारको घेरोमा बालबालिका
# (सुरक्षाकर्मीको उपस्थिति र गतिविधि कायमै रहेका विद्यालयसम्बन्धी संक्षिप्त अधावधिक प्रतिवेदन)

"बालिबालिका शान्ति क्षेत्र - राष्ट्रिय अभियान"द्वारा तत्कालिन श्री ५ को सरकार तथा लोकतन्त्रको स्थापना पश्चात् नेपाल सरकार समक्ष पटक पटक बालबालिकाको पठन-पाठन हुने स्थान : विद्यालयलाई कुनैपनि किसिमको सशस्त्र द्वन्द्व तथा राजनितिक कृयाकलापबाट टाढा राख्न माग गर्दै आएको छ। देशका सबै विधालयमा भेदभाव तथा दुर्व्यवहारबाट मुक्त, शारिरिक तथा मानसिक सजाय रहित, समान अवसर तथा सहभागिताको प्रत्याभूती सहितको बालसुलभ वातावरणको श्रृजना गरिनु पदर्छ भन्ने कुरामा नेपालको सरकारले प्रतिवद्धता पनि व्यक्त गरेको छ । तर यस दिशामा सरकारद्वारा विद्यालयलाई "शान्ति क्षेत्र"का रुपमा स्थापित गरी बालबालिकालाई सशस्त्र द्वन्द्वको असरबाट जोगाउनका लागि आवश्यक पहल भइरहेको छैन ।

०६३ वैशाख ११ गतेपश्चात् "बालबालिका शान्ति क्षेत्र - राष्ट्रिय अभियान"द्वारा संकलन गरिएको सूचना अनुसार देशका कतिपय बिद्यालयहरुमा अझैपनि सुरक्षा फौजको उपस्थिति यथावत् रहेको, कतिपय विद्यालयमा हरेक विद्यार्थीले सुरक्षा निकायको तारवार पार गरेर कडा निगरानी पश्चातमात्र विद्यालय प्रवेश गर्नु पर्ने अवस्था रहेको देखिएको छ। यसरी लोकतन्त्रको वहालीपश्चात पनि बालबालिकाहरुले भय तथा तनावका बीच पठनपाठन गर्न वाध्य हुनु परेको छ । यसका कारण बालबालिकाहरु खेलकुद तथा अतिरिक्त कृयाकलाप लगायत अन्य मनोरञ्जनका गतिविधिबाट विमूख भएकाछन् । यसबाट उनीहरुमा नकारात्मक मनोसामाजिक असर पर्नुका साथै पठनपाठन कार्यमा सिथिलता उत्पन्न हुने बालमनोवैज्ञानिकहरु बताउँछन् ।

बिद्यालय वरिपरि रहेको सुरक्षा फौजको यसप्रकारको कार्यबाट नेपाल सरकारले विभिन्न समयमा अनुमोदन गरिसकेका सशस्त्र द्वन्द्व सम्बन्धी १९४९ का जेनेभा महासन्धिहरु, बाल अधिकार सम्बन्धी महासन्धि १९८९ तथा यसको बालबालिकाहरुको सशस्त्र संघर्षमा प्रयोग सम्बन्धी ऐच्छिक सन्धिपत्र २००० जस्ता विभिन्न अन्तर्राट्रिय मानविय कानूनहरुको ठाडो उल्लंघन भइरहेको छ। साथै, बिद्यालय शान्ति क्षेत्र हो भन्ने घोषणाको ठिक विपरित कार्य भइरेको छ।

"बालबालिका शान्ति क्षेत्र–राष्ट्रिय अभियान"ले अधावधिक गरेको सूचना अनुसार अझै सम्म आठ विद्यालयहरु विभिन्न किसिमले सुरक्षाफौजको उपस्थिति तथा गतिविधिबाट पीडित छन्, एकवटा विद्यालयमा हालै सुरक्षाकर्मीहरु हटेतापनि विभिन्न खाले अवरोध यथावत् छ तथा दुईवटा विद्यालयहरु स्थानान्तरण हुन वाध्य बनाइएका छन् र यसरी स्थानान्तरण हुन बाध्य बनाइएको अवस्थामा समेत सम्बन्धित पक्षबाट कुनै सहयोग तथा चासो देखाएको पाइएको छैन । जसको परिणाम स्वरुप बालबालिकाहरु अझैपनि त्रास र तनावबीच आफ्नो दैनिक पठनपाठन गर्न बाध्य छन् ।

"बालबालिका शान्ति क्षेत्र - राष्ट्रिय अभियान"द्वारा संकलन गरिएको विवरण संक्षिप्तमा यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

# सुरक्षाकर्मीको उपस्थिति र गतिविधि देखिएका विद्यालयसम्बन्धी विवरण

## मध्य पश्चिमाञ्चल

### १. त्रिभुवन उच्च मावि, मुसिकोट खलंगा, रुकुम

सुरक्षाकर्मीको व्यारेक विद्यालयमा अझै पनि यथावत राखिएको छ ।

रुकुम जिल्लाको सदरमुकाममा रहेको त्रिभुवन जनता उच्च माविमा हालसम्मपनि सुरक्षाकर्मीको व्यारेक यथावत राखिएको छ । सो विद्यालयमा अध्ययनरत सबै विद्यार्थीले विद्यालय हातामा प्रवेश गर्दा आ-आफ्नो परिचय पत्र देखाउनु पर्छ अन्यथा प्रवेश निषेध गरिन्छ । ०६३ वैशाख २६ गतेको एक घटनामा सोही विद्यालयमा अध्ययनरत एक विद्यार्थीसमक्ष सुरक्षाकर्मीले परिचय पत्र मागेको र सो पत्र नभएको कारण विद्यार्थीलाई ५० चोटी उठबस गर्न लगाएका थिए । साथै सो घटनाको विरोध गर्दै र विद्यालयबाट व्यारेक हटाउनु पर्ने माग गर्दै सात दल निकट विद्यार्थी र माओवादी निकट विद्यार्थी संगठनहरुले वैशाख २७ गते विद्यालय बन्द गरेका थिए । सो विद्यालयमा धेरै पहिलेदेखि व्यारेक रहदै आएको छ ।

### २. ज्ञानकुञ्ज मावि, कोहलपुर, बाँके

सशस्त्र गण बसेका कारण विद्यालय अन्य स्थानमा स्थानान्तरण हुन वाध्य भएको छ ।

त्रिपुरा सशस्त्र गणको क्याम्प २०५९ सालमा ज्ञानकुञ्ज माविमा स्थापना गरिएपछि त्यसको ५/६ महिनापछि उक्त विद्यालयलाई सोही स्थानदेखी एक किलोमिटर पश्चिम रझेना किरणनालामा रहेको सगरमाथा प्राविमा स्थानान्तरण गरिएको थियो । लामो समयसम्म सोही विद्यालय भवनमै पठनपाठन गरिएकोमा २०६१ मा डिएफआइडिको आर्थिक सहयोगमा सो स्थानमै ज्ञानकुञ्जको लागि पनि भवन निर्माण गरिएपछि २०६१ सालको अन्त्यमा विद्यालय नयाँ भवनमा स्थानान्तरण भयो ।

## मध्यमाञ्चल

### ३. बालमन्दिर प्रावि, सिन्धुलीमाढी, सिन्धुली

१० वर्ष अघिदेखि राखिएको प्रहरीपोष्ट अझै पनि विद्यालयबाट हटाईएको छैन ।

जिल्ला सदरमुकाम सिन्धुलीमाढीमा रहेको बालमन्दिर प्राथमिक विद्यालयमा माओवादीको आन्दोलन शुरु भएदेखि राखिएको प्रहरीको पोष्ट अझै पनि हटाइएको छैन । विद्यालय परिसरमा रहेको प्रहरीको स्थायी पोष्टमा चार जना प्रहरी नियमित रुपमा क्रियाशिल रहेका छन् । विद्यालयलाई सुरक्षा तारबारले घेरिएको छ । विद्यालय नजिक जिल्ला प्रहरी कार्यालय, प्रमुख जिल्ला अधिकारीको निवास र वन कार्यालय पनि भएका कारण विगत दश वर्षदेखि विद्यालय हाताभित्र प्रत्यक्ष रुपमा सुरक्षा चलखेल भइरहेको विद्यालयका सुब्बा चेतप्रसाद पौडेलले बताए । विद्यालयको तर्फबाट स्थायी प्रहरी पोष्ट हटाउनका लागि स्थानीय प्रशासनलाई आग्रह गरिए पनि त्यसको सुनुवाई भएको छैन ।

### ४. धुम्रवाराही निमावि, सुकेधारा, काठमाडौं

राजधानीमै समेत विद्यालयमा राखिएको अस्थायी प्रहरी विट लोकतन्त्रको वहालीपछि पनि हटाइएको छैन ।

२०१९ सालमा स्थापना भएको धुम्रबाराही निम्नमाध्यमिक विद्यालयको परिसरमा विद्यालय भवनसँगै जोडेर खडा गरिएको प्रहरीको अस्थायी विट अझै विद्यमान रहेको छ । विटलाई चारैतिरबाट तारबारले घेरिएको छ ।

विद्यालयको स्वामित्वमा रहेको जग्गा अतिक्रमण गरेर सो विट खडा गरिएको हो । विद्यालय परिसरमा प्रहरी विट खडा गर्नका लागि प्रहरीले विद्यालयसँग स्वीकृति लिएको छैन ।

तत्कालीन शाही सरकारले सम्पन्न गरेको नगरपालिकाको निर्वाचनको सयममा त्यस विद्यालयको छतमा सशस्त्र प्रहरी र तत्कालीन शाही सेनालाई तैनाथ गरिएको थियो । विद्यालय परिसरमा प्रहरीको अस्थायी विट राखिएका कारण एक वर्षअघि सो विद्यालयमा कक्षा ८ मा अध्ययनरत एक छात्रालाई सो विटमा कार्यरत प्रहरीले बालविवाह गरी भगाएको सो विद्यालयका प्रधानाध्यापक सुजाता राजथलाले जनाउनु भयो । त्यस विद्यालयमा अहिले ५ सय १५ जना विद्यार्थी र ११ जना शिक्षक तथा शिक्षिका रहेका छन् ।







( धुम्रवाराही निमावि, सुकेधारा, काठमाण्डौ)

**५. नेपाल बालमन्दिर प्राविं, कलैया बारा**

विद्यालयमा राखिएको सुरक्षा पोष्ट हाल हटाइएको छ । तर सुरक्षा पोष्टका निम्ति खनिएका खाड्लहरु समेत पुरिएको छैन ।

कलैयास्थित नेपाल बालमन्दिर प्राथमिक विद्यालयमा ४ वर्षअघिदेखि राखिएका सुरक्षा पोष्टहरु भर्खरै मात्र हटाइएको छ । विद्यालयको ५ कठ्ठा क्षेत्रफलमा लगाएको काँडेतार र तारजाली समेत हटाईएको भएतापनि विद्यालय नजिकै प्रहरीले बनाएको करिव पाँच फिट गहिरो खाल्डो नपुरिएकाले विद्यार्थी पर्न सक्ने खतरा रहेको कुरा बताईएको छ । विद्यालय व्यवस्थापन समितिको अनुमति तथा पुर्व जानकारीविना सुरक्षाको कारण देखाउदै तारबारले घेरेर विद्यालयमा पोष्ट खडा गरिएको थियो ।

## पश्चिमाञ्चल

**६. संगम प्रावि, व्यास-८, तनहुँ**

तनहुँ जिल्ला व्यास नगरपालीका वार्ड नं. ८ मा रहेको संगम प्राथमिक विद्यालयमा समरसुर गुल्मको तारबार जोडिएको छ । विद्यालयको आडैमा सैनिक व्यारेक यथावत रहिरहेको छ । विद्यालयको पर्खाल र सेनाको व्यारेकको काँडेतारबार एउटै क्षेत्रमा रहेको छ । साथै सेनाले विद्यालयको छतको आडैमा सेन्ट्री समेत राखेको छ । विद्यालय भन्दा सैनिक व्यारेक पहिला स्थापना भएको हो । सो विद्यालयमा कक्षा १ देखि कक्षा ५ सम्म लगभग ७० जना जती विद्यार्थीले अध्ययनरत गर्ने गर्दछन् । विद्यालयको आडमा सैनिक व्यारेक हुनाले विद्यार्थीहरु मानसिक रुपमा त्रसित देखिएका छन् ।

**७. त्रिभुवन आदर्श मावि, पुतलीबजार, स्याङ्जा**

ठूलो दवाव हुँदा हुँदै पनि विद्यालयमा सेनाको उपस्थिति कायमै छ । त्रिभुवन आर्दश माध्यमिक विद्यालय पुतलीबजारमा २०५८ साल मंसीर महिना देखि सेनाले लगाएको तारबार अहिले पनि जारी छ । बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियानद्वारा हटाउनका लागि पहल गरिएतापनि हाल सम्म सेनाको प्रत्यक्ष उपस्थिति रहेको र तारबारले घेर्नेक्रम जारी नै रहेको छ । उक्त कार्यको स्थानीय वासीन्दाले विरोध गर्दै हटाउनका लागि स्थानीय प्रशासन समक्ष वारम्बार डेलीगेसन गएको भएपनि सफल हुन सकेको छैन । मानवअधिकारकर्मी तथा नागरिक समाजका प्रतिनिधिले यही असार ७ गते स्थानीय प्रशासन समक्ष भेट गरी तत्काल सेनाको उपस्थिति हटाउनका लागि अनुरोध गरेपछि १५ दिन भित्रमा हटाउने आश्वासन दिएको बताइएको छ । यद्यपी विद्यालयमा सेनाको उपस्थिति कायमै रहेको छ ।

**८. बालमन्दिर, स्याङ्जा**

सदरमुकामको बालमन्दिरमा समेत सेनाको क्याम्प यथावत रहेको छ ।

स्याङ्जाको सदरमुकामस्थित बालमन्दिर भवनमा सेनाले गतवर्षदेखि क्याम्प खडा गरेर बसेको छ । बालमन्दिर भवनमा राखिएको सैनिक क्याम्प हटाउने सम्बन्धमा प्रसाशनले कुनै प्रतिक्रिया दिएको छैन । भवन अहिले सेनाको नियन्त्रणमा नै छ ।

**९. बेनी सामुदायिक मावि, अर्थुङ्गे- २, म्याग्दी**

विद्यालयको आमने सामने पर्ने गरी खडा गरिएको सैनिक क्याम्प अझैसम्म यथावत रहेको छ ।

म्याग्दी सदरमुकाम बेनीमा रहेको बेनी सामुदायिक माध्यामिक विद्यालय बेनी-दरवाङ्ग सडक छेउमा रहेको छ । विद्यालयको ठिक विपरित स्थानमा जिल्ला विकास समितिको कार्यालय र त्यसको छतमा सैनिक क्याम्प रहेको छ ।

सडक वारी-पारी सैनिक गतिविधि र विद्यालय रहेको हुंदा अध्ययन अध्यापनमा समस्या आएको विद्यालयले बताएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष यामबहादुर शाक्यका अनुसार केही समय अघि सैनिक क्याम्पबाट छुटेको गोली विद्यालयमा आएको थियो र आधा मिनेटको फरकले विद्यार्थी तथा शिक्षक दुर्घटनामा परेका थिए । सेनाले छात्राहरु जिस्काउने गरेपछि हालै विद्यालयले वरिपरि पर्खाल लगाउने प्रयास गऱ्यो तर सेनाले अवरोध पुऱ्याएपछि त्यहां तारवार गर्नु पऱ्यो । विद्यालयले अग्लो पर्खाल लगाएर विद्यालयलाई बाहिरी गतिविधीबाट जोगाउने प्रयास असफल भएको प्रधानाध्यापक तिर्थकुमारी श्रेष्ठले बताउनुभयो ।

स्थानीयवासी, शिक्षक, अभिभावक र विद्यार्थीहरुसंग बुझ्दा विद्यालयहाता भित्रै सैनिक उपस्थिति र गतिविधी नभएपनि सडक वारी-पारी सेना रहेको र सडकसंगै सेनाले तारवार गरी माईन क्षेत्र लेखेर बोर्ड झुण्डाएको छ । त्यहां कुनै बेला पनि दुर्घटना हुन सक्ने खतरा छ ।

### १०. जमुनाखर्क मावि, अर्थुङ्गे-५, म्याग्दी

विद्यालयमा सैनिक क्याम्प राखिएपछि विद्यालयलाई अन्यत्र सारिएको छ ।

म्याग्दी जिल्लाको अर्थुङ्गे गाविस-५ जामुनाखर्कस्थित जामुनाखर्क माध्यामिक विद्यालयको प्रावि तहको विद्यालय भवनसंगै सैनिक क्याम्प रहेको र शसस्त्र सैनिक उपस्थितिले विद्यालयको वातावरणमा नकरात्मक असर परेको भन्ने विषय झण्डै एक वर्ष अघि निक्कै उठेको थियो ।

सेनाले विद्यालयसंग सिमाना जोडेर ब्यारेक राखेपछि र सेनाको उपस्थितिमा अध्ययन/अध्यापनमा असर परेपछि एक वर्षअघिदेखी जामुनाखर्क माविले आफ्नो प्राथमिक तहलाई स्थानान्तरण गरि माविमै सारेको छ । हाल विद्यालयमा सैनिक उपस्थितिको र अन्य सैनिक गतिविधीबाट मुक्त पारिएको छ ।

## पूर्वाञ्चल

### ११. सिद्धेश्वर प्रावि, दिक्तेल, खोटाङ्ग

दिक्तेल स्थित सिद्धेश्वर प्राथमिक विद्यालय २०६२ भाद्र महिनादेखि नेपाली सेनाको चन्द्रध्वज गणको घेराभित्र रहेको छ । यसका कारण १३५ विद्यार्थी तार घेराभित्रै बसेर पढ्न वाध्य छन् ।

सेनाका महासेनानी रमेशकुमार थापामगरले विद्यालय सेनाको गणनजिकै रहेको र असहज परिस्थितिका कारण विद्यालयलाई तार घेरा लगाइएको बताएका छन् । लगाइएको तार सहज परिस्थिति बन्दै गएकाले विस्तारै हट्ने थापामगरले जनाए ।

विद्यालय तार घेराभित्र परेपछि अन्यत्र सार्ने तयारी भइरहेको छ । विद्यालयका लागि दिक्तेल निगालेस्थित जग्गा खरिद गरिए पनि रकम अभावले आवश्यक भवन र फर्निचर बन्न नसकेको विद्यालयकी शिक्षिका विन्दा थापाले बताइन् । विद्यालय भवनका लागि जिल्ला शिक्षा कार्यालयले तीन लाख बिस हजार र गैरसरकारी संस्था आरआरएनले दुई लाख उपलव्ध गराएका छन् । यसले दुई - दुई कोठे दुईवटा भवन निर्माण भएरहेको छ ।

कक्षा ५ सम्म रहेको विद्याालयका लागि छवटा कक्षाकोठाको आवश्यकता छ । सेनाले विद्यालय तार घेराभित्र बनाएर बिद्यार्थीहरुलाई पढ्न असहज हुनुका साथै बिद्यालय अन्यत्र सार्दा लाग्ने खर्चसमेत बेहोर्न नसक्ने बताएका छन् । यसका लागि सेना नै जिम्मेवार रहेकाले समस्याको समाधानका लागि सेना नै अग्रसर हुनुपर्ने अभिभावकहरुलाई उद्धृत गर्दै अर्की शिक्षिका ललिता थापाले भनिन् । बालबालिकालाई विभिन्न कवाज खेलाउनसमेत अप्ठ्यारो भएको थापाले बताइन् ।

## निष्कर्श तथा सुझाव

विभिन्न विद्यालयहरुमा सुरक्षकर्मीको उपस्थिति तथा गतिविधिका कारण बालबालिकाको सहज विकासमा विभिन्न नकारात्मक असर परेको छ । यस संक्षिप्त प्रतिवेदनमा उल्लेखित घटनाहरुबाट विद्यार्थीहरुमा मनोसामाजिक तथा शारिरिक असर परेको, उनीहरुले बीचमै पठनपाठन त्याग्नुपर्ने वाध्यता भएको, मनोरञ्जन तथा खेलकुद गर्ने अवसरबाट वञ्चीत हुनु परेको, सुरक्षाकर्मीबाट अनावश्यक झण्झट तथा सजाय भोग्नु परेको, सुरक्षाकर्मीहरु हटिसकेको अवस्थामा समेत विभिन्न किसिमका अवरोधहरु यथावत रहेको र बिद्यालय नै अन्यत्र स्थानान्तरण गर्नुपर्ने वाध्यता समेत आएको देखिन्छ ।

बालबालिकाका निम्ति हरेक पल महत्वपूर्ण हुन्छ । सहज रुपमा हुर्कनबाट वञ्चीत हुनु पर्दा वा शिक्षाको अवसर नपाउँदा उनीहरुको बालापन खोसिन पुग्दछ । त्यस्तो अवस्थाले गर्दा उनीहरुको भविष्य निर्माणमा नराम्रो असर पर्छ ।

सरकारका तर्फबाट बालअधिकार रक्षार्थ विभिन्न सन्धी/सम्झौता अनुमोदन गरिएको साथै विभिन्न प्रतिवद्धता तथा अग्रगामी घोषणाहरु आएको भएतापनि यथार्थमा यी प्रतिवद्धताहरु कार्यान्वयनमा आउन सकेको पाईंदैन । यससन्दर्भमा सरकार तथा विभिन्न राजनितिक दलहरु बालबालिकाका सवालमा गम्भिर नभएको वा उनीहरुको प्राथमिकतामा नै नपरेको हो भन्ने निष्कर्श निकाल्न सकिन्छ । हाल देशमा लोकतन्त्र स्थापना भै शान्ति प्रकृया तर्फ अग्रसर भैसक्दापनि यी विद्यालयहरुबाट सुरक्षाकर्मी हटाउने कुनै पहल नहुनुको अर्थ के हो भन्ने प्रश्न समेत उत्पन्न भएको छ ।

तसर्थ, बालबालिका शान्ति क्षेत्र हुन् भन्ने मान्यताको उचित कदर गर्दै यथाशिघ्र देशभरका विद्यालयलाई सुरक्षाकर्मीको उपस्थिति तथा गतिविधिबाट मुक्त तुल्याउनका निम्ति नेपाल सरकार समक्ष जोडदार माग गर्दै त्यसकालागि निम्न कार्यहरु तत्काल गर्न हामी सरकार तथा प्रमुख राजनितिक दलहरुसमक्ष आव्हान गर्दछौं ।

- विभिन्न विद्यालयहरुमा रहेका सुरक्षाकर्मी (सेना तथा प्रहरी)को उपस्थिती तथा कृयाकलाप तूरुन्त हटाउने ।
- विद्यालय वरिपरी रहेका तारबार हटाउने तथा खाल्डाहरु पुर्ने ।
- सुरक्षाका दृष्टिकोणबाट स्थानान्तरण गरिन लागेका बिद्यालयहरुका हकमा पठनपाठनमा तथा बालबालिकामा कुनैपनि किसिमको मनोसामाजिक असर नपर्ने गरी सहज ढंगबाट स्थानान्तरण प्रकृया अगाडि बढाउन सुरक्षा निकायका तर्फबाट आर्थिक तथा अन्य आवश्यक सहयोग प्रदान गर्नु पर्ने ।
- विद्यालय हाताभित्र कुनैपनि किसिमको सुरक्षाकर्मीको आवागमनमा पूर्ण प्रतिबन्ध लगाउने र यसको पूर्ण कार्यान्वयन गर्ने ।
- विद्यालय हाताभित्र रहँदाको अवधिमा सुरक्षाकर्मीले कुनै किसिमको विष्फोटक पदार्थ विछ्याएका भए सफा गरी त्यससम्बन्धमा सार्वजनिक जानकारी गराउने ।
- सरकार तथा राजनितिक दलहरुले विभिन्न समय समयमा बालबालिका शान्ति क्षेत्र हुन् र विद्यालय शान्ति क्षेत्र हो भनी आ-आफ्नो तर्फबाट व्यक्त प्रतिवद्धता तथा घोषणाहरुको तत्काल व्यवहारिक कार्यान्वयन गर्ने ।